# गौमुखी गाउँपालिकाका उपाध्यक्ष श्री तुलसी सुनार ज्यूले गौमुखी गाउँपालिकाको दशौं गाउँसभा समक्ष पेश गर्नुभएको आर्थिक बर्ष २०७८/०७९ को बजेट बक्तब्य

गौमुखी गाउँकार्यापालिकाको कार्यालय

पूजा, लिवासे

२०७८ आषाढ २४ गते

गाउँसभाका आदरणीय अध्यक्ष ज्यू
गाउँसभाका सदस्य ज्यूहरु

लोकतन्त्रको सार स्वशासनलाई मुर्तरुप दिन नेपाली जनताबाट निर्मित नेपालको संविधानले राज्य प्रणालीलाई संघीय ढाँचामा रुपान्तरण गरेको छ। जनताले चाहाना गरेको तथा संविधानले आत्मसात गरेको संघीय शासन प्रणाली अनुरुप स्थानीय सरकार लोकतन्त्रको लाभहरुको समानुपातिक, समाबेशी र न्यायोचित वितरण गरी दिगो विकासको यात्रामा प्रवेश गरेको छ। स्थानीय सरकारको तर्फबाट आर्थिक बर्ष २०७८/०७९ को बजेट यस सम्मानित सभामा प्रस्तुत गर्न पाउँदा अत्यन्त गौरवको महसुस गरेको छु।

सँगसँगै विश्वमा फैलिएको कोरोना भाइरसको महामारीले देशको आर्थिक, सामाजिक तथा जीवनयापनमा समस्या थपेको छ । यसबाट हाम्रो गाउँपालिका पनि प्रभावित भएको छ । यस महामारीको संकटलाइ पार लगाउदै अगाडी वढ्नु हाम्रो प्रमुख चुनौती हुनेछ

साथै यस कोरोना भाइरसको संक्रमणबाट देश विदेशमा ज्यान गुमाएकाहरु प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दै संक्रमित भएकाहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु।

यस महामारीको रोकथाम र नियन्त्रणमा अग्रमोर्चामा खटिने स्वास्थ्यकर्मि, सुरक्षाकर्मी, तथा व्वस्थापनमा खट्ने कर्मचारी लगाएत सवैलाइ हार्दिक धन्यबाद दिन चाहान्छु। यसै प्रकारका साथ सहयोग र अनुशासन अपेक्षा समेत राख्दछु । यस्तै धैर्यता, एक्यबद्धता, सहकार्य र अनुशासनले पक्कै यो महामारीबाट लड्न थप बल पुग्नेछ भन्ने आशा लिएको छु।

यस महत्वपुर्ण अवसरमा म सर्वप्रथम राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि नेपाली जनताले पटक- पटक गर्दै आएका ऐतिहासिक जनआन्दोलन, सशस्त्र सङघर्ष, त्याग र बलिदानको गौरवपुर्ण इतिहासलाई स्मरण एवं शहीदहरु तथा बेपत्ता र पिडित नागरिकहरुप्रति स्थानीय सरकारको तर्फबाट सम्मान व्यक्त गर्न चाहान्छु।

संघ, प्रदेश र स्थानीय तहबीचको सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्दन गर्दै जनसहभागिता, उत्तरदायीत्व, पारदर्शिता सुनिश्चित गर्दै जनतालाई दिनुपर्ने अवसर, दायित्व र चुनौती हामी माझ आएको छ।

आगामी आर्थिक बर्षको बजेट तर्जुमा गर्दा मैले यो वर्षसम्म हासिल भएका उपलब्धिहरु संस्थागत गर्दै जनप्रतिनिधिमूलुक लोकतान्त्रिक पद्धतिबाट नेपाली नागरिकले खोजेको सेवा, चाहेको विकास र परिकल्पना गरेको समतामूलक समाजको निर्माणमा यो बजेट केन्द्रित गरेको छु।

बजेट तर्जुमा गर्दा मैले मुलत: नेपालको संविधान र कानूनहरु, नेपाल सरकार तथा प्रदेश सरकारको निति, कार्यक्रम तथा बजेट बक्तव्य, निर्मित विविध कानूनहरु, गाउँकार्यपालिकाको आवधिक योजना, निति, निर्णयहरु तथा दिगो विकास लक्ष्य र अहिले देखीएको कोरोना महामारीले निम्त्याएको असहज परिस्थितीलाई मुख्य आधार बनाएको छु। साथै, विभिन्न क्षेत्रका सरोकारवालाबाट प्राप्त हुन आएका महत्वपुर्ण सुझावलाई समेत बजेट निर्माण गर्दा विशेष ध्यान दिएको छु।

अनुत्पादक तथा अनावश्यक खर्च घटाउने, पुँजीगत बजेटको अंश बढाउने र चालु खर्चमा मितव्ययिता ल्याउने गरी बजेट तथा कार्यक्रम तर्जुमा गरेको छु। साथै कार्यक्रमको छनौट, साधन स्रोतको बाँडफाँड र

विनियोजनमा देखिने दोहोरोपनालाई न्युनीकरण गर्न प्रशासनिक तथा प्राविधिक क्षमता, स्रोत तथा विनियोजनका बीचमा सन्तुलन कायम हुने गरी स्रोत व्यवस्थापन गर्ने व्यवस्था मिलाएको छु।

**सभाका अध्यक्ष ज्यू**

**सभाका सदस्य ज्यूहरु**

अब म आगामी आर्थिक वर्ष २०७८/०७९ को बजेट उदेश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु। बजेटका उदेश्यहरु निम्न अनुसार छन्।

- जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रदान गर्नु।
- गरिबी निवारण तथा रोजगारी सिर्जना गर्नु।
- लोकतन्त्रका लाभहरुको समानुपातिक समावेशी र न्योचित वितरण गर्नु।
- कानूनी राज्य र दिगो विकासको अवधारणा अनुरुप समाजवादउन्मुख संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई स्थानीय तहदेखी नै संस्थागत गर्नु।
- स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गर्नु।
- स्थानीय तहमा विधायिकी, कार्यकारणी र न्यायिक अभ्यासलाई संस्थागत गर्नु।

आगामी आर्थिक बर्षको बजेटमा देहायका क्षेत्रमा लगानीलाई उच्च प्राथमिकता दिएको छु।

- कृषि तथा पशु क्षेत्रलाइ प्रोत्साहन गर्दै कृषिको व्यवसायीकरण, आधुनिकरण, यान्त्रिकरण, विविधिकरण, उत्पादन र उत्पादकत्वमा वृद्धि, रोजगारी सिर्जना र गरिवी निवारण।
- गत वर्षमा अधुरा रहेका योजनाहरुलाई सम्पन्न गर्ने गरी बजेट व्यवस्था गरिएको छ ।
- खानेपानी तर्फ एक घर एक धारा नितिलाई अवलम्वन गरी खानेपानी योजनाहरु संचालन गरिनेछ।
- कोरोना बिशेष कार्यक्रम मार्फत कोरोना संक्रमणलाइ रोकथाम तथा नियन्त्रण सँगसँगै भारत तथा अन्य देशबाट आएकाहरुलाइ रोजगार दिने खालका योजनाहरु संचालन गरिनेछ।
- आधारमूत पुर्वाधार सेवाको विकास र विस्तार।
- शिक्षा, स्वाथ्थ, खानेपानी तथा सरसफाई, संस्कृति प्रर्वद्धन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मार्फत सामाजिक विकास।
- वन, वातावरण तथा विपद् व्यवस्थापन ।
- सुशासन तथा संस्थागत विकास ।

**सभाध्यक्ष महोदय,**

अब म चालु आर्थिक बर्ष २०७७/७८ को आय व्ययको यथार्थ स्थिति प्रस्तुत गर्न चाहान्छु।

चालु आर्थिक बर्षमा रु ५५ लाख राजस्व परिचालन हुने अनुमान रहेकोमा चालु आर्थिक बर्षको आषाढ २२ सम्म रु ४३ लाख ९७ हजार रुपैंया राजस्व संकलन भएको छ। चालु आर्थिक बर्षमा असार २३ गते सम्म संघीय सरकारबाट वित्तिय समानीकरण अनुदान रु ९ करोड ३० लाख, राजस्व वाँडफाँड रु ६ करोड ५३ लाख ६७ हजार ८ सय र सशर्त अनुदान रु २० करोड ७५ लाख, विशेष अनुदान ५० लाख, समपुरक अनुदान ४० लाख प्राप्त भएको छ।

त्यस्तै प्रदेश वित्तिय समानीकरण अनुदानवापत रु ५२ लाख ७६ हजार, राजस्व बाडफाड ४३ लाख ३५ हजार ४ सय, सशर्त रु १ करोड ४८ लाख ५० हजार प्राप्त भएको छ। प्रदेशबाट प्राप्त हुने समपुरक अनुदान हालसम्म १ करोड २८ लाख ३७ हजार प्राप्त भएको छ।
चालु आर्थिक बर्षको असार २३ गते सम्म चालु खर्च तर्फ रु २२ करोड २७ लाख १३ हजार ५ सय ७२ रुपैंया तथा पुँजीगत खर्च रु ९ करोड २८ लाख २३ हजार १८ रुपैयाँ गरी जम्मा रु ३१ करोड ५५ लाख ३६ हजार ५ सय ९० रुपैयाँ व्यय भएको छ। खर्च ६७।६४ प्रतिशत भएको देखिन्छ।

**सभाध्यक्ष महोदय,**

अब म गाउँपालिका स्तरीय योजना तथा क्षेत्रगत रुपमा आगामी आर्थिक बर्ष २०७८/७९ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न चाहान्छु।

**<u>सडक :</u>**

आगामि वर्षको लागि ८ वटा ठुला मोटरबाटोका योजनाहरु निर्माण गरिने छ । जसमा गौमुखी बाइसमुल झाक्रिढुङ्गा जोड्ने मोटरबाटो अर्खा, झल्कीबाङ्ग डिही हुँदै अर्खा जोड्ने मोटरबाटो रजवारा अर्खा, ढ्वाटादेखी आलुगोदाम गुल्मी जोड्ने मोटरबाटो खुङ्ग, ल्वाटाधारादेखी देउराली गुल्मी जोडने मोटरबाटो नारिकोट, अर्खा भिमगीढे जोड्ने मोटरबाटो अर्खा, रुतिवाङ्ग हिले झाक्रिढुङ्गा जोड्ने मोटरबाटो पुजा रजवारा र काउले भृकुटिमावि मोटरबाटो लिवाङ्ग रहेका छन्।
प्रदेश समपुरकसँग साझेदारीमा यी मोटरबाटो निर्माणको लागि ५०/५० लाखका दरले ३ करोड वजेट विनियोजन र गरेको छु।लिवाङ्गको बाटोमा थप २५ लाख बजेट विनियोजन गरेको छु।
साथै ठुलावेसी मष्टाथान बाग्लिबाङ्ग झाक्रिढुङ्गा मोटरबाटोको लागि संघको साझेदारीमा निर्माण हुने गरि ८४ लाख वजेट बिनियोजन गरेको छु ।
बाटो निर्माण गर्दा बातावरण मैत्री बनाउन र रोजगारी सिर्जना गर्न श्रममूलक प्रविधिको उपयोग गरिनेछ। त्यसैगरी पालिकास्तरमा रहेका सडकहरुको नियमित मर्मत संहारको लागि आफ्नै मेशिन नियमित प्रयोग गरिने छ ।
वडास्तरका मझौला तथा साना मोटरबाटोका योजनाहरु निर्माण तथा स्तरोन्नतीको लागि एक करोड ५० लाख वजेटको वडास्तरमा व्यवस्थापन गर्ने गरि प्रबन्ध मिलाएको छु।

**<u>शिक्षाः</u>**

बाल विकास शिक्षक र परिचालिकाहरुलाई संघिय अनुदानमा थप गरि मासिक १५ हजार, विद्यालय कर्मचारी, विद्यालय सहयोगीहरुलाई संघिय अनुदानमा पहिलेको तलवमा मासिक चार हजार थप गरिएको, गाउँपालिका अनुदान अन्तर्गत प्रावि, निमावि, मावि तथा उमाविका शिक्षकहरुलाई क्रमशः १५ हजार पाँच सय, १६ हजार, १९ हजार र २४ हजार छ सय कायम हुने गरि वजेटको प्रवन्ध गरेको छु।
गाउँपालिकाभर बालविकासदेखी कक्षा ५ सम्मका बालबालिकाहरुका लागि टिफिन बक्स खरिद तथा वितरणको लागी बजेटको प्रवन्ध गरेको छु ।
विद्यालय व्यवस्थापन समितिका पदाधिकारी नमूना विद्यालय भ्रमण गराउने प्रबन्ध मिलाएको छु। गाउँपालिकामा उत्कृष्ट, जेहेन्दार, अति विपन्न विद्यार्थीहरुलाई **इन्जिनियर, एमविविएस डाक्टर र स्नातक**

**तहको नर्सिङ्ग** पढ्नको लागि लाग्ने खर्चको ५० प्रतिशत रकम गाउँपालिकाले लगानि गर्ने निति अवलम्वन अनुसार आवश्यक बजेटको प्रबन्ध गरेको छ।

गाउँपालिकास्तरमा **नमुना पुस्तकालय स्थापना** गर्न आवश्यक प्रक्रिया थालनि गरिने छ।गाउँपालिकाको गाउँ शिक्षा ऐन कार्यान्वयनको लागि चाहिने आवश्यक श्रोतको व्यवस्था गरिएको छ। यी सबै शैक्षिक कार्यहरु संचालनको लागी रु २ करोड ३० लाख बजेट विनियोजन गरेको छ।

साथै वडास्तरमा संचालन हुने योजनाहरुमा ५० लाख बजेटको वडास्तरबाट व्यवस्थापन हुने गरि प्रबन्ध मिलाएको छ।

गाउँपालिकका मावि तथा निमावि तहका गणित तथा विज्ञान विषय शिक्षकको प्रोत्साहनको लागि मासिक थप एक हजार रकम प्रदान गर्ने बजेटको प्रवन्ध मिलाएको छ।

कृषि प्राविधिकधारको गौमुखी माविलाई नमुना कृषि नर्सरी व्यवस्थापन गर्ने र गाउँपालिकामा आधुनिक कृषि खेतिको प्रचार प्रसार गर्न प्रेरित गरिने छ।यसको लागि आवश्यक पर्ने बजेटको व्यवस्था गरेको छ।

गाउँपालिकास्तरमा खेलकुद विकास कार्यक्रम संचालन गर्न १५ लाख रकम विनियोजन गरेको छ।

विद्यालय भौतिक पुर्वाधर तर्फ गत आ.व. मा संचालन भइ सम्पन्न नभएका भौतिक संरचनामा सम्पन्न गरिने छ। उक्त योजनाहरुको लागि ८० लाख बजेट विनियोजन गरेको छ।

**स्वास्थ्य :**

गाउँपालिकास्तरमा रहेको चिकित्सकिय सेवालाई निरन्तरता साथै **घरदैलोमा डाक्टर कार्यक्रम संचालन गरी घर घरमा चिकित्सकिय** सेवाको पहुँच पुरयाउनको लागि आवश्यक बजेटको प्रवन्ध गरेको छ। स्वास्थ्य सँस्थाबाट निशुल्क वितरण हुने औषधीलाई नियमित र सहज उपलब्ध गराउन आवश्यक बजेट विनियोजन गरेको छ।

यी लगायतको कार्यमा रु ८० लाख बजेट विनियोजन गरेको छ।

चिकित्सकिय सेवा संचालनको लागि पुजा स्वास्थ्य चौकीमा एविविएस डाक्टरको नियमित व्यवस्थापन गरिएको छ।

गाउँपालिकामा आयूर्वेद स्वास्थ्य सेवा संचालनको लागि आयूर्वेद आरोग्य केन्द्र स्थापना गर्न आवश्यक पहल गरिने छ। साथै पालिकास्तरमा आयूर्वेद शिविर संचालन गर्न आवश्यक बजेट व्यवस्थापन गरेको छ।

गाउँपालिकास्तरिय अस्पत्ताल निर्माणको प्रकृया आगामि वर्षबाट संचालन हुनेछ। यसलाई संघिय सरकारसँगको समन्वयमा छिटो सम्पन्न गर्नेतर्फ विशेष ध्यान दिइने छ।

**कोरोना विशेष कार्यक्रम :** विश्व महामारीको रुपमा फैलिएको कोरोना भाइरसको संक्रमणलाइ न्यूनिकरण तथा रोकथामको लागि कोरोना विशेष कार्यक्रमको लागि ३५ लाख वजेट विनियोजन गरेको छ।

**खानेपानी:**

आगामी ३ बर्षभित्र सवै प्रत्येक घरमा धारा पुर्याउने गरी खानेपानी तथा सरसफाई गुरुयोजना तथा खानेपानी, सरसफाइ तथा स्वच्छता योजना निर्माण गरिनेछ।यसको लागी ठूला खानेपानी योजना कार्यान्वयन गर्न संघ तथा प्रदेश सरकारसँग समपूरक ढाँचामा योजना कार्यान्वयन गरिनेछ।

नयाँ तथा पुराना खानेपानी संरचनाको निर्माण तथा मर्मत, मुहान संरक्षणको लागी आवश्यक बजेटको प्रबन्ध गरेको छु। वडास्तरमा संचालन हुने योजनाहरुमा ५० लाख बजेटको वडास्तरबाट व्यवस्थापन हुने गरि प्रबन्ध मिलाएको छु।

केन्द्रिय विशेष अनुदान अन्तर्गत पुजालिवासे लुकुरबन खानेपानी तथा सरसफाइ योजना तथा पांग्राघाट तेलखोला, खलाबाङ्ग, सुँगरे, बाइचौर खानेपानी तथा सरसफाइ योजना गरि २ वटा योजना संचालन गरिने छ। यसमा एक करोड १२ लाख वजेट विनियोजन भएको छ।

**<u>गाउँपालिका प्रशासनिक भवन:</u>**

आगामि वर्ष गाउँपालिकाको प्रशासकिय भवनलाई क्रमागत योजनाको रुपमा निर्माण कार्य थालनि गरिनेछ। संघिय सरकारबाट प्राप्त हुने बजेटलाई यसै क्रमागत योजनामा थप्न मिल्ने गरि आवश्यक प्रक्रिया अगाडि बढाइने छ।

यो भवन निर्माणको लागि आगामी आर्थिक बर्षमा रु एक करोड बजेट बिनियोजन गरेको छु।

प्रशाशकीय कार्य संचालन गर्न सभाहल माथि आवश्यक कोठाहरु निर्माणको लागि ३० लाख रकम विनियोजन गरेको छु।

**<u>पर्यटन:</u>**

गौमुखीबासी नागरिकलाई कम्तीमा बर्षको १ हप्ता यस गाउँपालिकाभित्रका पर्यटकीय स्थल घुम्न प्रोत्साहित गरिनेछ। पालिकाभित्र रहेका पर्यटकीय स्थलमा पर्यटकीय पुर्वाधार निर्माण गरिनेछ। यस क्षेत्रलाइ प्रवर्द्धन गर्नको लागि आवश्यक वजेटको व्यवस्था मिलाएको छु।

**<u>महिला, बालबालिका, अपाङ्ग तथा जेष्ठ नागरिक:</u>**

महिला, बालबालिका, दलित, जेष्ठ नागरिक, अपाङ्ग, आर्थिक तथा सामाजिक रुपमा पिछडिएका वर्ग लक्षित गाउँपालिका स्तरीय, वडा स्तरीय र समुदाय तथा बस्ती स्तरमा जनचेतनामूलक,क्षमता विकास, सीपमूलक तथा आयआर्जनमूलक कार्यक्रम संचालन गरिनेछ।

गत आ.व.देखी शुरु गरिएको "ग" वर्गका अपाङ्गलाई मासिक रु ५०० भत्ता उपलब्ध गराउने कार्यक्रमलाई निरन्तरता दिएको छु। गाउँपालिकामा रहेका ६० वर्षभन्दा माथिका एकल पुरषलाई मासिक रु ५०० भत्ता उपलब्ध गराउन आवश्यक वजेटको व्यवस्था गरेको छु।

संस्थागत सुत्केरी प्रोत्साहन तथा मातृ शिशु स्वास्थ्य सुधारको लागि **सुत्केरीसँग पौष्टिक आहार प्याकेज कार्यक्रम** संचालनको लागि आवश्यक वजेटको व्यवस्था मिलाएको छु। महिला तथा बालबालिका शाखाबाट संचालन हुने कार्यक्रमको लागी रु २० लाख बजेट विनियोजन गरेको छु।

**<u>दलित तथा जनजाति:</u>**

सामाजिक समावेशी रुपमा आर्थिक तथा सामाजिक रुपमा पिछडिएका दलित तथा जनजाती वर्गका गाउँपालिका स्तरीय, वडा स्तरीय र समुदाय तथा बस्ती स्तरमा जनचेतनामूलक,क्षमता विकास, सीपमूलक तथा आयआर्जनमूलक कार्यक्रम संचालन गरिनेछ। यसको लागि १० लाख बजेट विनियोजन गरेको छु ।

**<u>न्यायीक समिति:</u>**

न्यायीक समितिको कार्यसम्पादनमा सहजताको प्रदान गर्नको लागि रु २० लाख विनियोजन गरेको छु ।

**कृषि तथा पशु विकास:**

कृषि तथा पुश क्षेत्रको विकास मार्फत आर्थिक विकासको आधार तयार गर्न साथै कोरोनाबाट प्रभावित जनतालाइ कृषी पेशामा आवद्ध तथा रोजगारी सृजना गर्ने गरि यस क्षेत्रलाई उच्च प्राथमिकता दिएको छु। कृषि क्षेत्रमा अनुदानमा विउ, विरुवा, कृषि यन्त्र विरतरण गर्न, अगुवा कृषकलाई पुरस्कृत गर्न, कृषि बिमालाई प्रभावकारी बनाउन तथा कृषकहरुलाई तालिम दिन आवश्यक बजेटको प्रबन्ध गरेको छु।

त्यसै गरी पशु विकास क्षेत्रमा पशुहरुको औषधी उपचार, पशु बिमा, कृत्रिम गर्भाधान, घाँस खेती, अगुवा व्यवसायीहरुलाई पुरस्कृत गर्न तथा पशु प्राविधिकहरुको क्षमता विकासको लागी आवश्यक बजेट छुट्याएको छु। कृषि तथा पशु क्षेत्रको विकासमा जम्मा रु ५० लाख बजेट विनियोजन गरेको छु।

साथै वडास्तरबाट संचालन हुने गरि कृषि तथ पशुपक्षी विकास सम्वन्धि कार्यक्रमहरुमा ७० लाख बजेटको प्रबन्ध मिलाएको छु।

**जनशक्ति व्यवस्थापन, सुशासन तथा सार्वजनिक सेवा प्रवाह:**

शासकीय स्वच्छता र सुशासन प्रर्वद्धनलाई प्राथमिकतामा राखी सबै क्षेत्रमा सदाचार पद्धतिको अबलम्बन गरिनेछ।

सार्वजनिक प्रशासनको कार्यसंस्कृतिका आमूल परिवर्तन गरी संघीय शासन प्रणाली अनुरुपको सोच र कार्यशैलीको विकास गरिनेछ। सार्वजनिक पदाधिकारीहरुको जवाफदेहिता सुनिश्चितता गरिनेछ।

कर्मचारी तथा शिक्षकहरुको गाउँपालिकाभित्र सरुवा, पुरस्कार, सजाय, वृत्ति विकास र क्षमता अभिवृद्धिको अवसरलाई कार्यसम्पादनमा आधारित बनाइनेछ।

गाउँपालिकामा करार सेवामा कार्यरत रहिरहेका प्रशासन सहायक, अमिन, कम्प्यूटर अपरेटर, प्राविधिक कर्मचारी, योजना अधिकृत, कानून अधिकृत, सूचना प्रविधि अधिकृत, शिक्षा स्रोत व्यक्ति, कृषि तथा पशु प्राविधिक, सामाजिक परिचालक, कानूनी सल्लाहकार, झोलुंगे पुल हेरालु, गाउँपालिका र वडाकार्यालयमा कार्यरत कार्यालय सहयोगी, गाउँपालिकामा कार्यरत ड्राइभर, स्वास्थ्य तर्फका अनमी, ल्याब टेक्निसियन, कार्यलय सहयोगीलाई लोकसेवा आयोग, प्रदेश लोक सेवा आयोग वा अन्यन्त्र निकायबाट स्थायी कर्मचारी आएमा स्वत अवकाश हुने गरी हालको सेवामा २०७९ आषाढ मसान्तसम्म निरन्तरताको लागी प्रस्ताव गरेको छु। गाउँपालिकाबाट खाइपाइ आएको तलब सुविधामा संघिय सरकारको बजेटबाट घोषित मासिक दुइ हजार थप गर्ने प्रस्ताव पेश गरेको छु।

आगामी आर्थिक बर्ष २०७८/७९ मा विभिन्न विषय क्षेत्रगत आर्थिक, सामाजिक, पुर्वाधार, वन वातावरण तथा विपद् व्यवस्थापन, सुशासन तथा संस्थागत विकासमा अनुमानित विनियोजन भएको बजेट अनुसूचीमा समावेश गरेको छु।

संघ तथा प्रदेश सरकारबाट सशर्त अनुदानमा प्राप्त हुने बजेट तथा कार्यक्रमहरु तोकिए बमोजिमकै क्षेत्र र कार्यक्रममा खर्च गरिनेछ।

**सभाध्यक्ष महोदय,**

अब म बजेटमा उल्लेखित क्षेत्रगत नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्न आवश्यक पर्ने बजेट विनियोजन र स्रोत अनुमान प्रस्तुत गर्न चाहान्छु।

आगामी आर्थिक बर्षका नीति तथा कार्यक्रम कार्यान्वयन गर्न जम्मा रु ४२ करोड ५४ लाख ८ हजार एक सय ८० खर्च हुने अनुमान गरेको छु।

आगामी आर्थिक बर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोतमध्ये संघीय सरकारबाट प्राप्त हुने वित्तिय समानीकरण अनुदान ९ करोड ८७ लाख,संघीय विभाज्य कोषबाट प्राप्त हुने राजश्व बाँडफाँड ८ करोड २७ लाख ४२ हजार, संघिय चालु सशर्त अनुदान १८ करोड १७ लाख, संघिय पुँजिगत सशर्त ५८ लाख, संघीय विशेष अनुदान १ करोड १२ लाख, संघीय समपुरक ४२ लाख, प्रदेश सरकारबाट प्राप्त हुने वित्तिय समानीकरण अनुदान ४६ लाख ९ हजार, प्रदेश राजश्व बाँडफाँड ५२ लाख ६३ हजार एक सय ८०, प्रदेश सशर्त अनुदान ८५ लाख ४४ हजार, प्रदेश समपुरक अनुदान १ करोड ५० लाख आन्तरिक राजस्वबाट प्राप्त हुने रु ७६ लाख ५० हजार अनुमान गरिएको छ।

सभाध्यक्ष महोदय,

अब म आर्थिक बर्ष २०७८/७९ को लागी राजस्वका नीतिहरु प्रस्तुत गर्न चाहान्छु।

स्थानीय सरकारको क्षेत्रभित्रका करको आधार फराकिलो पार्दै आन्तरिक राजस्व वृद्धि गर्न कर तथा गैरकर राजस्वको अधिकतम परिचालन गर्ने नीति लिएको छु।

कर तथा गैर करका राजस्व संकलनलाई प्रभावकारी बनाउन कानूनी तथा संस्थागत सुधार गरिनेछ। कर तथा गैरकरका दरलाई प्रगतीशील बनाई राजस्व परिचालन गर्ने व्यवस्था मिलाएको छु।

गौमुखी तीर्थस्थल भ्रमण गर्ने प्रत्येक तीर्थयात्रीबाट रु २० मनोरञ्जन शुल्क लिइनेछ।

नदीजन्य पदार्थबाट संकलित राजस्व बिभाज्य कोषमा जम्मा गरी ६० प्रतिशत स्थानीय संचित कोषमा राखी ४० प्रतिशत प्रदेश संचित कोषमा जम्मा हुने व्यवस्था मिलाइनेछ।

गाउँपालिकाभित्र संचालित सबै प्रकारका व्यवसाय दर्ता तथा नविकरणलाई अनिवार्य गरी करको दायरालाई फराकिलो गराइनेछ।

कर सम्बन्धी प्रस्ताव आर्थिक विधेयक, २०७८ लाई यसै साथ प्रस्तुत गरेको छु। कर सम्बन्धी प्रस्ताव सम्वत २०७८ साल साउन १ गतेबाट लागू हुने व्यवस्था मिलाएको छु।

सभाध्यक्ष महोदय,

यो बजेटको कार्यान्वयनमा नागरिक सहभागितालाई नागरिकको अधिकारको रुपमा स्थापित गरी स्वशासन र जनताद्वारा शासनको चरितार्थ गरी जनताप्रति पुर्ण जिम्वेवारपुर्वक भूमिका निर्वाह गर्ने कार्यमा स्थानीय सरकार पुर्ण प्रतिबद्ध छ।

यो बजेट तर्जुमाका लागी मार्गदर्शन गर्नुहुने गाउँपालिकाका अध्यक्ष, गाउँसभाका सदस्यहरु, विभिन्न राजनीतिक दल, कर्मचारी, निजीक्षेत्र, सहकारी क्षेत्र र नागरिक समाजका व्यक्तिहरु तथा पत्रकार जगतबाट प्राप्त सहयोग, सुझाव, सहयोग र सल्लाहप्रति हार्दिक आभार प्रकट गर्दछु।

यो बजेटको सफल कार्यान्वयनमा सबै पक्षको पूर्ण सहयोग रहने अपेक्षा गरेको छु। साथै, मुलुक भित्र र बाहिर रहनु भएका सबै नेपालीलाई समृद्ध गौमुखी, सुखी गौमुखीबासी निर्माणमा सहभागी हुन आव्हान गर्दछु।

धन्यबाद

जय गौमुखी।